नीति तथा प्रमुख कार्यक्रमहरूको
वार्षिक प्रगति प्रतिवेदन (सारांश)
आ.व.२०८०/८१

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(नतिजा व्यवस्थापन महाशाखा)

सिंहदरबार, काठमाडौं

विषयसूची

१. पृष्ठभूमि १

२. प्रमुख कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति ३

३. राजस्व असुली र खर्चसम्वन्धी प्रगति स्थिति ६

३.१ राजस्व असुलीको प्रगति स्थिति ६

३.२ खर्चसम्वन्धी प्रगति स्थिति ७

३.३ मन्त्रालयगत पुँजीगत खर्चको विवरण ८

४. क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति ११

४.१ आ.व. २०८०/८१ को क्रियाकलाप तथा माइलस्टोनको प्रगति ११

४.२ क्रियाकलाप तथा माइलस्टोनको विगत ३ वर्षको समग्र प्रगतिको तुलना १२

४.२.१ क्रियाकलाप प्रगतिको तुलना १२

४.२.२ माइलस्टोन प्रगतिको तुलना १३

५. क्षेत्रगत प्रगति स्थिति १५

५.१ आर्थिक क्षेत्र १५

५.१.१ आर्थिक क्षेत्रका क्रियाकलापको प्रगति स्थिति १५

५.१.२ आर्थिक क्षेत्रका क्रियाकलाप प्रगतिको तुलना १६

५.१.३ आर्थिक क्षेत्रका माइलस्टोनको प्रगति स्थिति १६

५.१.४ आर्थिक क्षेत्रसँग सम्बन्धित माइलस्टोन प्रगतिको तुलना १८

५.२ पूर्वाधार क्षेत्र १८

५.२.१ पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगति स्थिति १९

५.२.२ पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगतिको तुलना १९

५.२.३ पूर्वाधार क्षेत्रका माइलस्टोनको प्रगति स्थिति २०

५.२.४ पूर्वाधार क्षेत्रका माइलस्टोन प्रगतिको तुलना २१

५.३ शासकीय सुधार क्षेत्र २२

५.३.१ शासकीय सुधार क्षेत्रका क्रियाकलापको प्रगति स्थिति २२

५.३.२ शासकीय सुधार क्षेत्रका क्रियाकलापको प्रगतिको तुलना २३

५.३.३ शासकीय सुधार क्षेत्रसँग सम्बन्धित माइलस्टोनको प्रगति स्थिति २४

५.३.४ शासकीय सुधार क्षेत्रका माइलस्टोन प्रगतिको तुलना २६

५.४ सामाजिक क्षेत्र २७

५.४.१ सामाजिक क्षेत्रसँग सम्वन्धित क्रियाकलापको प्रगति स्थिति २७

५.४.२ सामाजिक क्षेत्रका क्रियाकलापको प्रगतिको तुलना २७
५.४.३ सामाजिक क्षेत्रसँग सम्बन्धित माइलस्टोनको प्रगति स्थिति २८
५.४.४ सामाजिक क्षेत्रका माइलस्टोन प्रगतिको तुलना ३०
६. सम्पन्न माइलस्टोनको मन्त्रालय/निकायगत प्रगति स्थिति ३१
७. समस्या र कारणहरूको विश्लेषण ३२
७.१ सम्पन्न नभएका माइलस्टोनको मासिक स्थिति ३२
७.२ माइलस्टोनको प्रकारका आधारमा प्रगति अवस्था ३३
७.३ माइलस्टोन सम्पन्न हुन नसक्नुका कारणहरु ३५
८. कार्ययोजना कार्यान्वयनमा देखिएका समस्याहरू ३८
८.१ वजेट तर्जुमा चरणमा देखिएका समस्याहरु ३८
८.२ वजेट कार्यान्वयन चरणका समस्याहरु ३९
९. सुझावहरू ४०

तालिका सूची

तालिका नं.	विषय	पेज नं.
१	प्रमुख कार्यसम्पादन सूचकको प्रगति स्थिति	३
२	राजस्व असुलीको तुलनात्मक विवरण (प्रतिशतमा)	६
३	आ.व.२०८०/८१ को कुल खर्च विवरण	७
४	कुल खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)	७
५	मन्त्रालयगत पुँजीगत खर्च	९
६	क्रियाकलापहरूको प्रगति स्थिति	११
७	माइलस्टोनहरूको प्रगति स्थिति	११
८	क्रियाकलापको प्रगतिको तुलना	१३
९	माइलस्टोनको प्रगतिको तुलना	१४
१०	आर्थिक क्षेत्रका क्रियाकलापको प्रगति स्थिति	१५
११	आर्थिक क्षेत्रसँग सम्वन्धित निकायहरूको आ.व. २०८०/८१ को माइलस्टोनहरूको प्रगति स्थिति	१७
१२	आर्थिक क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति	१७
१३	पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगति स्थिति	१९
१४	पूर्वाधार क्षेत्रका माइलस्टोनहरूको आ.व. २०८०/८१ को प्रगति स्थिति	२०
१५	पूर्वाधार क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति	२१
१६	शासकीय सुधार क्षेत्रका क्रियाकलापहरूको प्रगति स्थिति	२३
१७	शासकीय सुधार क्षेत्रका माइलस्टोनहरुको आ.व. २०८०/८१ प्रगति स्थिति	२५
१८	शासकीय सुधार क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति	२६
१९	सामाजिक क्षेत्रका क्रियाकलापको प्रगति स्थिति	२७
२०	सामाजिक क्षेत्रका माइलस्टोनहरूको आ.व.२०८०/८१ को प्रगति स्थिति	२९
२१	सामाजिक क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति	२९
२२	आ.व.२०८०/८१ मा सम्म सम्पन्न नभएका माइलस्टोनमध्ये सम्पन्न हुनुपर्ने महिना	३२
२३	माइलस्टोनको प्रकारका आधारमा प्रगति अवस्था	३४

लेखाचित्र सूची

स्तम्भ चित्र नं.	विषय	पेज नं.
१	राजस्व असुलीको तुलनात्मक विवरण	६
२	कुल खर्चको तुलनात्मक विवरण	८
३	आ.व. २०८०/८१ को मन्त्रालयगत पुँजीगत खर्चको विवरण (प्रतिशतमा)	१०
४	क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण	१३
५	माइलस्टोन प्रगतिको तुलनात्मक विवरण	१४
६	आर्थिक क्षेत्रका क्रियाकलाप प्रगतिको तुलनात्मक विवरण	१६
७	आर्थिक क्षेत्रका माइलस्टोन प्रगतिको तुलनात्मक विवरण	१८
८	पूर्वाधार क्षेत्रका क्रियाकलाप प्रगतिको तुलनात्मक विवरण	२०
९	पूर्वाधार क्षेत्रका माइलस्टोनको तुलनात्मक विवरण	२२
१०	शासकीय सुधार क्षेत्रसँग सम्वन्धित क्रियाकलाप प्रगतिको तुलनात्मक विवरण	२४
११	शासकीय सुधार क्षेत्रसँग सम्वन्धित माइलस्टोन प्रगतिको तुलनात्मक विवरण	२६
१२	सामाजिक क्षेत्रका क्रियाकलाप प्रगतिको तुलनात्मक विवरण	२८
१३	सामाजिक क्षेत्रका माइलस्टोन प्रगतिको तुलनात्मक विवरण	३०
१४	सम्पन्न माइलइस्टोनको निकायगत प्रगति स्थिति	३१
१५	आ.व. २०८०/८१ मा सम्पन्न नभएका माइलस्टोनमध्ये सम्पन्न हुनुपर्ने महिना र संख्या	३३
१६	माइलस्टोनको प्रकारका आधारमा प्रगति अवस्था (प्रतिशतमा)	३४
१७	आ.व.२०८०/८१ मा माइलस्टोन सम्पन्न हुन नसक्नुका कारणहरू	३५

वृत्त चित्र नं.	विषय	पेज नं.
१	क्रियाकलाप तथा माइलस्टोनहरूको प्रगति स्थिति	१२

सङ्क्षेपीकरणको सूची

(क) नेपाली

आ.व.	आर्थिक वर्ष
कि.मी.	किलोमिटर
क्र.सं.	क्रम संख्या
क्यू.फि.	क्यूबिक फिट
प्र.म.तथा म.प.का.	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
मे.ट.	मेट्रिक टन
मे.वा.	मेगावाट
स.कि.मी.	सर्किट किलोमिटर

(ख) अङ्ग्रेजी

COPOMIS	Co-operative and Poverty-Related Management Information System
DPR	Detailed Project Report
EIA	Environmental Impact Assessment
IEE	Initial Environmental Examination
IT	Information Technology

१. पृष्ठभूमि

नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम एवम् वार्षिक बजेटद्वारा निर्धारित कार्यक्रम तथा आयोजनाहरूलाई सम्बन्धित मन्त्रालय तथा निकायहरूबाट वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ। मन्त्रालय तथा निकायहरूको कार्ययोजना तयार गर्दा सञ्चालन हुने क्रियाकलाप, उक्त क्रियाकलापसँग सम्बन्धित प्रक्रिया तथा नतिजामा आधारित माइलस्टोन तथा सोको कार्यान्वयन पश्चात् मन्त्रालय/निकायहरूले आवधिक रूपमा हासिल गर्ने नतिजा सूचकहरूको खाकासमेत निर्धारण गरिएको छ। यसरी सम्पादित क्रियाकलाप तथा माइलस्टोनको प्रगति प्रतिवेदन गर्न एकीकृत अनुगमन प्रणाली कार्यान्वयनमा ल्याइएको छ। यस प्रणालीमा प्राप्त विवरणहरूका आधारमा आवधिक रूपमा प्रगति प्रतिवेदन तयार गर्ने गरिएको छ।

यस प्रणालीले अनुगमन पद्धतिलाई नतिजामा आधारित बनाई लक्ष्य हासिल गर्न सघाउ पुऱ्याएको छ। साथै, कार्यसम्पादन गर्ने निकायहरूले विभिन्न निकायहरूमा छुट्टाछुट्टै गर्ने गरेको प्रतिवेदनसमेतलाई एउटै प्रणालीमार्फत् गर्न, अनुगमन गर्ने निकायहरूले प्राप्त गर्ने सूचनामा एकरूपता कायम गर्न तथा यस्ता सूचना तथा प्रतिवेदनहरू सुरक्षित राखी दीर्घकालीन प्रयोगमा ल्याउन समेत सहयोग पुगेको छ। यसका अतिरिक्त कार्यसम्पादनको वस्तुगत जानकारी, कार्यसम्पादनमा देखिएका समस्या र त्यसको समाधानको उपायले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुने अनुगमन कार्यका साथै निर्णायक तहसम्म निर्णय निर्माणमा सहयोग पुगेको छ।

सम्माननीय राष्ट्रपतिज्यूबाट सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकलाई संवत् २०८० साल जेठ ५ गते गर्नुभएको नीति तथा कार्यक्रमको सम्बोधन तथा माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्रीज्यूबाट सङ्घीय संसदको संयुक्त बैठकमा प्रस्तुत आ.व.२०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रमको आधारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत सबै मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, लगानी बोर्डको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक खरिद तथा अनुगमन कार्यालय र चालु आर्थिक वर्षबाट अनुगमनका लागि थप गरिएको राष्ट्रिय तथ्याङ्क कार्यालयसमेत गरी १,६०० क्रियाकलाप र ३,४२१ माइलस्टोनका साथै २१ मन्त्रालयहरू तथा लगानी बोर्डको कार्यालयसमेतका ३२७ नतिजा सूचकहरूमा कार्ययोजनालाई व्यवस्थित गरी एकीकृत अनुगमन प्रणालीमा प्रविष्टि गरिएको थियो।

घोषित नीतिहरूको कार्यान्वयनका लागि नीतिहरूसँग सम्वन्धित क्रियाकलापहरूलाई आवद्ध गर्ने एवम् समय सारिणीसहितको कार्ययोजना तयार गरी लागु गर्ने क्रममा आ.व.२०८०/८१ को वार्षिक कार्यान्वयन कार्ययोजना तयार गर्दा विभिन्न चरणमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र सम्वन्धित मन्त्रालय तथा निकायको उपस्थितिमा आवश्यक छलफल गरी अन्तिम रूप प्रदान गरिएको थियो। यस क्रममा मन्त्रालय तथा निकायगत रूपमा तयार गरिएको वार्षिक वजेट कार्यान्वयन कार्ययोजनालाई आवधिक योजना, मध्यमकालीन खर्च संरचनासँगको तादात्म्यको विश्लेषण गरी एक आपसमा आवद्ध गर्ने प्रयास गरिएको थियो। कार्ययोजना तर्जुमाका क्रममा यस कार्यालयवाट मन्त्रालयहरूलाई पठाइएको कार्ययोजना तर्जुमा मार्गदर्शन तथा अर्थ मन्त्रालयवाट जारी भएको वजेट कार्यान्वयन मार्गदर्शनलाई समेत प्रमुख आधारका रूपमा लिइएको थियो। उक्त मार्गदर्शनमा व्यवस्था भए बमोजिम मन्त्रालय तथा निकायहरूले कानुनी तयारीका रूपमा गर्नुपर्ने कार्यहरू नयाँ कार्यविधि, निर्देशिका तर्जुमा, विद्यमान कानुन संशोधन, आयोजना तथा क्रियाकलापहरू सञ्चालनको लागि बोलपत्र सूचना प्रकाशन, बोलपत्रको सम्झौताजस्ता माइलस्टोनहरूको समय साधारणतः प्रथम त्रैमासिक अवधिमा कार्यान्वयन प्रक्रिया अगाडि वढाउने गरी कार्यान्वयन कार्ययोजनालाई अन्तिम रूप प्रदान गरिएको थियो।

नेपाल सरकारको नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका र वजेट वक्तव्यमा उल्लेख भएका विभिन्न मन्त्रालय अन्तर्गतका वार्षिक योजना तथा कार्यक्रमहरू निर्धारित समय, लागत र गुणस्तर अनुरूप सम्पन्न गरी अपेक्षित नतिजा हासिल गर्न सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय मन्त्रीज्यूहरूवीच मिति २०८०/०४/२५ मा कार्य सम्पादन सम्झौतासमेत भएको थियो।

यस प्रतिवेदनमा मन्त्रालय/निकायहरूको क्रियाकलाप तथा माइलस्टोनको क्षेत्रगत प्रगति स्थिति एवम् वार्षिक खर्चको स्थिति समेटिएको छ। प्रतिवेदनमा प्रस्तुत तथ्याङ्क एवम् विवरणहरू विषयगत मन्त्रालय/निकायहरूबाट एकीकृत अनुगमन प्रणालीमा प्रविष्ट गरिएका विवरणहरू र महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणमा आधारित छन्।

२. प्रमुख कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति

मन्त्रालय र निकायगतरूपमा निर्धारण गरिएका वार्षिक कार्यसम्पादन सूचकहरूमध्ये केही मुख्य कार्यसम्पादन सूचकहरूको आ.व.२०८०/८१ को प्रगति स्थिति देहाय बमोजिम रहेको छ।

तालिका -१

प्रमुख कार्यसम्पादन सूचकको प्रगति स्थिति

क्र.सं.	सूचक	इकाइ	२०८० असारको स्थिति	आ.व. २०८०/८१ को लक्ष्य	आ.व. २०८०/८१ को प्रगति	हालसम्मको एकीकृत उपलब्धि
१.	आर्थिक वृद्धि	प्रतिशत	२.१६		३.८७	
२.	उपभोक्ता मुद्रास्फिति	प्रतिशत	७.७४	६.५	५.४४	
३.	भुक्तानी सन्तुलन	रु अर्ब	२८५.८२		५०२.४९	
४.	चालुखाता सन्तुलन	रु अर्ब	-४६.५७	-६५	२२१.३४	
५.	आधारभूत व्याजदर	प्रतिशत	१०.०३		८.००	
६.	विदेशी विनिमय सञ्चिति	रु अर्ब	१५३९.३६	१२००	२०४१.१०	
७.	बीमाको पहुँच बिस्तार	प्रतिशत	३९.०	४४.२	४४.४७	
८.	पुँजी बजारमा पहुँच (डिम्याट खाता)	संख्या (लाख)	५७.६	१.४	५.५१	६३.११
९.	रेमिटेन्स प्राप्ति	रु.अर्ब	१११२.५२		१४४५.३२	
१०.	आयात	रु.अर्ब	१६११	१४००	१५९२	
११.	निर्यात	रू.अर्ब	१५७	२००	१५२	
१२.	व्यापार सन्तुलन	रू.अर्ब	-१४५४		-१४४०	
१३.	राजस्व परिचालन	रू.अर्ब	१०१०.३९		१०५८.९०	
१४.	कुल खर्च	रू.अर्ब	१४२९		१४०८	
१५.	ठूला उद्योग दर्ता	संख्या	६६	८०	४७	११३
१६.	तोकिएको दुर्गम जिल्लामा खाद्यान्न ढुवानी	मे.टन (हजारमा)	३०.०	२०.०	३८.६	
१७.	रासायनिक मल आपूर्ति	मे.टन (हजारमा)	३८५.०	५२०.०	४७१.३७	
१८.	किसान सूचीकरण	संख्या (हजारमा	१२७५	५२५	६४३	१९१८

क्र.सं.	सूचक	इकाइ	२०८० असारको स्थिति	आ.व. २०८०/८१ को लक्ष्य	आ.व. २०८०/८१ को प्रगति	हालसम्मको एकीकृत उपलब्धि
१९.	वन क्षेत्रबाट राजस्व सङ्कलन	रु अर्ब	४.७८	६.००	६.८८	
२०.	आधारभूतस्तरको खानेपानी सेवाबाट लाभान्वित जनसंख्या	प्रतिशत	९५	९८	९६.४४	९६.४४
२१.	काठ उत्पादन	क्यू.फि. (लाखमा)	३१८.०	३००.०	३७६.३४	
२२.	उत्पादित काठ बिक्री	क्यू.फि. (लाखमा)		२५०	३५४.९५	
२३.	पर्यटक आगमन	संख्या (लाख)	८.१६	१०.०	११.७४	
२४.	पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट भएको अन्तर्राष्ट्रिय उडान संख्या	संख्या	२	५०	५	
२५.	गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट भएको अन्तर्राष्ट्रिय उडान संख्या	संख्या	३१६	३५०	१२०	
२६.	इन्टरनेट सुविधा उपलब्ध भएका सामुदायिक विद्यालय	प्रतिशत	५२.८	५६	५८.१	५८.१
२७.	(COPOMIS) प्रणालीमा आबद्ध भएका सहकारी	संख्या (हजारमा)	१५.८	२.१८	४.१६	१९.९६
२८.	सेवाग्राहीले नजिकको भूसेवा केन्द्रबाट जग्गासम्बन्धी कारोबार गर्न सक्ने किसिमको प्रविधिको जडान	कार्यालय	८९	३७	१२	१०१
२९.	विद्युत उत्पादन क्षमता	मे.वा.	२,७६७	१,१३३	४७६	३२४३
३०.	विद्युत निर्यात	गिगावाट आवर	१४७८	४१६२.३	१९०९	
३१.	प्रसारण लाइन निर्माण (६६ के.भि.भन्दा बढी)	स.कि.मी.	५,४८४	६९९	७२८	६,२१२
३२.	कालो पत्रे सडक (दुई लेन)	कि.मी.	१७,६९२	८००	६७५	१८३६७
३३.	कालोपत्रे सडक (चार लेन)	कि.मी.	१४४.७	१५०	७८.३	२२३
३४.	पुल निर्माण	वटा	३,१९१	१५०	२०२	३३९३
३५.	रेल मार्ग (ट्रयाकवेड निर्माण)	कि.मी.	१२१	६	६	१२७
३६.	नागढुङ्गा सुरुङ निर्माण (मेन टनेल र ईभ्याकुएसन टनेल)	कि.मी.	४.९३	०.५७	१.०३	५.९६

क्र.सं.	सूचक	इकाइ	२०८० असारको स्थिति	आ.व. २०८०/८१ को लक्ष्य	आ.व. २०८०/८१ को प्रगति	हालसम्मको एकीकृत उपलब्धि
३७.	सवारी चालक अनुमति पत्र (स्मार्ट कार्ड) वितरण	संख्या (लाखमा)	३४.१९	१२	२.७३	३६.९२
३८.	अप्टिकल फाइवर बिस्तार	कि.मी.	१२,२३८	२५००	२७६२	१५०००
३९.	मोबाइल सेवा बिस्तार	प्रतिशत	९३.०	२	४	९७
४०.	झोलुङ्गे पुल निर्माण	संख्या	१०,५०८	४५९	२१०	१०,७१८
४१.	मूलपानीको क्रिकेट रङ्गशाला निर्माण	प्रतिशत	३५.०	१०	२.८	३७.८
४२.	काठमाण्डौं तराई/मधेश द्रुतमार्ग सडक आयोजना समष्टिगत भौतिक प्रगति	प्रतिशत	२५.५	९.२	९.८८	३५.३८
४३.	एकीकृत राष्ट्रिय परिचयपत्र विवरण सङ्कलन	संख्या (लाख)	१३१.५	२६	१३.३९	१४४.८९
४४.	विद्युतीय राहदानी वितरण	संख्या (हजारमा)	१,९४२.०	८००	१४७३.२२	३४१५.२२
४५	योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा औपचारिक क्षेत्रका सूचीकृत श्रमिक	संख्या (हजारमा)	४२४	७६	८७.७५	५११.७५
४६.	योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध वैदेशिक रोजगारमा रहेका श्रमिक	संख्या (हजारमा)	२२६	२७१	७५०.१४	९७६.१४
४७.	योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा स्वरोजगार क्षेत्रका सूचीकृत श्रमिक	संख्या		१,०००	२५०	२५०
४८.	दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाईउद्धार	जना	५५२	१५०	१६१	७१३
४९.	डायलासिस सेवा निःशुल्क प्राप्त गर्ने बिरामी संख्या	जना (हजार)	६	६	६	
५०.	दक्ष स्वास्थ्यकर्मीद्वारा प्रसुती सेवा प्राप्त गर्ने महिला	प्रतिशत	७२	८०	८६	
५१.	तोकिए बमोजिम सबै खोप प्राप्त बालबालिका	प्रतिशत	७०	९५	९५	
५२.	स्वास्थ्य बीमामा आवद्ध जनसंख्या	प्रतिशत	२३	६०	२७.४५	२७.४५
५३.	५, १० र १५ शैय्याको आधारभूत अस्पताल सञ्चालन भएका स्थानीय तह	संख्या	२३	७७	५	२८

३. राजस्व असुली र खर्चसम्बन्धी प्रगति स्थिति

३.१ राजस्व असुलीको प्रगति स्थिति

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार आ.व.२०८०/८१ मा कर राजस्वतर्फ लक्ष्यको ७१.०१ प्रतिशत र गैरकर राजस्वतर्फ लक्ष्यको ८८.२६ प्रतिशत गरी लक्ष्यको कुल ७२.४३ प्रतिशत राजस्व असुली भएको छ। आ.व.२०७९/८० मा कर राजस्व ६६.८२ प्रतिशत र गैरकर राजस्व ८४.९३ प्रतिशत गरी लक्ष्यको कुल ६८.२१ प्रतिशत राजस्व असुली भएको थियो भने आ.व.२०७८/७९ मा कर राजस्व ९२.१५ प्रतिशत र गैरकर राजस्व ७४.३९ प्रतिशत गरी लक्ष्यको कुल ९०.४६ प्रतिशत राजस्व असुली भएको थियो। तुलनात्मक रूपमा गत आर्थिक वर्षको भन्दा चालु आर्थिक वर्षमा राजस्व असुली बढेको भएतापनि आर्थिक वर्ष २०७८/७९ को तुलनामा कम राजस्व असुली भएको देखिन्छ। राजस्व असुलीको तुलनात्मक विवरण तालिका-२ र स्तम्भचित्र-१ मा प्रस्तुत गरिएको छः-

तालिका-२

राजस्व असुलीको तुलनात्मक विवरण (प्रतिशतमा)

राजस्व शीर्षक	आ.व.२०७८/७९	आ.व.२०७९/८०	आ.व.२०८०/८१
कर राजस्व	९२.१५	६६.८२	७१.०१
गैरकर राजस्व	७४.३९	८४.९३	८८.२६
कुल राजस्व	९०.४६	६८.२१	७२.४३

(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

स्तम्भचित्र-१

राजस्व असुलीको तुलनात्मक विवरण



(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

३.२ खर्चसम्बन्धी प्रगति स्थिति

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार नेपाल सरकारद्वारा विनियोजित कुल बजेटमध्ये चालु आर्थिक वर्षको असार मसान्तसम्ममा ८०.४५ प्रतिशत खर्च भएको छ। यसमध्ये चालुतर्फ ८३.४३ प्रतिशत, पुँजीगततर्फ ६३.४७ प्रतिशत तथा वित्तीय व्यवस्थातर्फ ८६.०७ प्रतिशत खर्च भएको छ। आ.व. २०७९/८० मा चालुतर्फ ८५.०० प्रतिशत, पुँजीगततर्फ ६१.४४ प्रतिशत तथा वित्तीय व्यवस्थापनतर्फ ८२.५८ प्रतिशत गरी कुल ७९.६९ प्रतिशत खर्च भएको थियो। त्यसैगरी, आ.व.२०७८/७९ असारमा चालुतर्फ ९०.२५ प्रतिशत, पुँजीगततर्फ ५७.२३ प्रतिशत तथा वित्तीय व्यवस्थापनतर्फ ६२.५० प्रतिशत गरी कुल ७९.३९ प्रतिशत खर्च भएको थियो। आ.व.२०८०/८१ को खर्चसम्वन्धी विवरण तालिका-३, खर्चसम्वन्धी तुलनात्मक विवरण तालिका-४ र स्तम्भचित्र-२ मा राखिएको छ।

तालिका-३

आ.व.२०८०/८१ को कुल खर्च विवरण

रु. अर्बमा

विषय	चालु	पुँजीगत	वित्तीय व्यवस्था	कुल
कुल बजेट	११४१.७८४१	३०२.०७४४	३०७.४५३६	१७५१.३१२१
आ.व.२०८०/८१ को खर्च	९५२.६२२२	१९१.७३१६	२६४.६३१६	१४०८.९८५४
खर्च प्रतिशत	८३.४३	६३.४७	८६.०७	८०.४५

(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

तालिका- ४

कुल खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)

खर्च शीर्षक	आ.व.२०७८/७९	आ.व.२०७९/८०	आ.व.२०८०/८१
चालु	९०.२५	८५.००	८३.४३
पुँजीगत	५७.२३	६१.४४	६३.४७
वित्तीय व्यवस्था	६२.५०	८२.५८	८६.०७
कुल	७९.३९	७९.६९	८०.४५

(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

स्तम्भचित्र-२
कुल खर्चको तुलनात्मक विवरण



(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

३.३ मन्त्रालयगत पुँजीगत खर्चको विवरण

आ.व. २०८०/८१ मा नेपाल सरकारको पुँजीगत खर्चको प्रगति ६३.४७ प्रतिशत भएको छ। यस विश्लेषणमा समेटिएका २२ मन्त्रालयहरूमध्ये राष्ट्रिय औसत पुँजीगत खर्चभन्दा माथि पुँजीगत खर्च गर्ने मन्त्रालयहरू १० वटा रहेका छन् भने १२ वटा मन्त्रालयहरूको पुँजीगत खर्चको प्रगति राष्ट्रिय औसत पुँजीगत खर्चभन्दा कम देखिएको छ। आ.व.२०७९/८० मा पुँजीगत खर्च ६१.४४ प्रतिशत रहेकोमा आ.व.२०८०/८१ मा केही सुधार आई ६३.४७ प्रतिशत पुगेको छ। तुलनात्मक रूपमा रक्षा मन्त्रालयको सबैभन्दा बढी ९७.४३ प्रतिशत र महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको सबैभन्दा कम १६.५० प्रतिशत मात्र पुँजीगत खर्च भएको देखिएको छ। विकास निर्माणसँग प्रत्यक्ष सम्वन्ध राख्ने मन्त्रालयहरूमध्ये पुँजीगत खर्चको ४९.६९ प्रतिशत भार रहेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको ७३.२१ प्रतिशत, १४.४८ प्रतिशत भार रहेको शहरी विकास मन्त्रालयको ६५.८१ प्रतिशत, ११.९१ प्रतिशत भार रहेको ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको ८०.०९ प्रतिशत, ४.०९ प्रतिशत भार रहेको खानेपानी मन्त्रालयको ६३.८४ प्रतिशत र २.९१ प्रतिशत भार रहेको रक्षा मन्त्रालयको ९७.४३ प्रतिशत प्रगति देखिएको छ। मन्त्रालयगत पुँजीगत खर्चको विवरण तालिका-५ तथा स्तम्भचित्र-३ मा प्रस्तुत गरिएको छ।

तालिका-५

मन्त्रालयगत पुँजीगत खर्च

क्र.सं.	मन्त्रालय	भार (कुल पुँजीगत खर्चमा)	पुँजीगत खर्च प्रतिशत
१	रक्षा मन्त्रालय	२.९१	९७.४३
२	गृह मन्त्रालय	४.२७	८७.१४
३	उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय	११.९१	८०.०९
४	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	०.००३	७४.५४
५	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	४९.६९	७३.२१
६	वन तथा वातावरण मन्त्रालय	१.२८	७२.८३
७	संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय	१.२५	६९.७३
८	शहरी विकास मन्त्रालय	१४.४८	६५.८१
९	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	१.२७	६४.२०
१०	खानेपानी मन्त्रालय	४.०९	६३.८४
११	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	५.१२	६३.१३
१२	अर्थ मन्त्रालय	१.४६	५९.२५
१३	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	०.०२	५०.९६
१४	युवा तथा खेलकूद मन्त्रालय	०.१९	४९.६४
१५	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	०.१५	४८.८९
१६	परराष्ट्र मन्त्रालय	०.१०	४६.५८
१७	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	०.२५	४०.८७
१८	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	०.८३	३०.४५
१९	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	०.०३	२७.७५
२०	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	०.४०	२३.१९
२१	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	०.२५	२०.८४
२२	महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय	०.०३	१६.५०

(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

स्तम्भचित्र-३

आ.व. २०८०/८१ को मन्त्रालयगत पुँजीगत खर्चको विवरण (प्रतिशतमा)



४. क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति

४.१ आ.व. २०८०/८१ को क्रियाकलाप तथा माइलस्टोनको प्रगति

आ.व. २०८०/८१ का लागि विभिन्न २७ निकायहरूको कार्ययोजनामा समावेश भएका कुल १६०० क्रियाकलापहरूमध्ये ४१.७ प्रतिशत क्रियाकलाप सम्पन्न भएका छन्। त्यस्तै कुल ३४२१ माइलस्टोनहरूमध्ये ४८.५ प्रतिशत माइलस्टोन सम्पन्न भएका, ४०.५ प्रतिशत माइलस्टोन चालु अवस्थामा रहेका र ११.० प्रतिशत माइलस्टोन सुरु हुन सकेका छैनन्। क्रियाकलाप र माइलस्टोनको कार्यान्वयनको प्रगति स्थितिलाई क्रमशः तालिका-६ र तालिका-७ मा प्रस्तुत गरिएको छः-

तालिका -६

क्रियाकलापहरूको प्रगति स्थिति

क्षेत्र	आ.व. २०८०/८१ को प्रगति			
	कुल क्रियाकलाप संख्या	सम्पन्न भएका	चालु	सुरु नभएका
आर्थिक	४१५	१६७	२२९	१९
पूर्वाधार	५००	१०९	३७४	१७
शासकीय सुधार	३९२	२११	१५४	२७
सामाजिक	२९३	१८१	१०५	७
कुल प्रगति	१६००	६६८	८६२	७०
	प्रतिशत	४१.७	५३.९	४.४

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

तालिका -७

माइलस्टोनहरूको प्रगति स्थिति

क्षेत्र	कूल माइलस्टोन संख्या	आ.व. २०८०/८१ को प्रगति		
		सम्पन्न भएका	सम्पन्न हुनुपर्नेमध्ये	
			चालु	सुरु नभएका
आर्थिक	७९७	४०४	३२८	६५
पूर्वाधार	१३४८	३९२	७४२	२१४
शासकीय सुधार	६५४	४३२	१६६	५६
सामाजिक	६२२	४३१	१४९	४२
कुल प्रगति	३४२१	१६५९	१३८५	३७७
	प्रतिशत	४८.५	४०.५	११.०

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

आ.व. २०८०/८१ मा भएको मन्त्रालय तथा निकायहरूको समग्र क्रियाकलाप र माइलस्टोनको प्रगति स्थिति वृत्तचित्र-१ मा प्रस्तुत गरिएको छः-

वृत्तचित्र-१
क्रियाकलाप तथा माइलस्टोनहरूको प्रगति स्थिति



४.२ क्रियाकलाप तथा माइलस्टोनको विगत ३ वर्षको समग्र प्रगतिको तुलना

४.२.१ क्रियाकलाप प्रगतिको तुलना

पछिल्लो तीन आर्थिक वर्षको समग्र क्रियाकलाप तथा माइलस्टोनको प्रगति अवस्थाको तुलनात्मक विश्लेषण गर्दा क्रियाकलापको सम्पन्न प्रतिशत आ.व. २०७९/८० मा ३१.७ प्रतिशत रहेकोमा २०८०/८१ मा १० प्रतिशतले वढेको देखिएको छ। त्यस्तै, चालु अवस्थामा रहेका तथा सुरु नै नभएका क्रियाकलापको अवस्था भने गत आर्थिक वर्षभन्दा घट्दो क्रममा रहेको देखिएको छ। क्रियाकलाप प्रगतिको तुलनात्मक स्थिति तालिका- ८ र स्तम्भचित्र-४ मा प्रस्तुत गरिएको छः-

तालिका -८

क्रियाकलाप प्रगतिको तुलना

क्रियाकलापको अवस्था	आ.व. २०७८/७९		आ.व. २०७९/८०		आ.व. २०८०/८१	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
सम्पन्न भएका	४५३	३७.३	४०३	३१.७	६६८	४१.७
चालु	६६५	५४.८	७९८	६२.८	८६२	५३.९
सुरु नभएका	९५	७.८	६९	५.४	७०	४.४
कूल क्रियाकलाप	१२१३	१००	१२७०	१००	१६००	१००

स्तम्भचित्र-४

क्रियाकलाप प्रगतिको तुलनात्मक विवरण



(स्रोतः एकीकृत अनुगमन प्रणाली)

४.२.२ माइलस्टोन प्रगतिको तुलना

पछिल्लो तीन आर्थिक वर्षको माइलस्टोनको प्रगति अवस्थाको तुलना गर्दा माइलस्टोनको सम्पन्न प्रतिशत आ.व.२०७९/८० मा रहेको ४१.८ प्रतिशतबाट बढेर आ.व. २०८०/८१ मा ४८.५ प्रतिशतमा पुगेको छ। चालु अवस्थामा रहेका माइलस्टोनको संख्या ६.५ प्रतिशतले कमी आई आ.व. २०८०/८१ मा ४०.५ प्रतिशत देखिएको छ। त्यस्तै कार्य सुरु हुन नसकेका माइलस्टोनको प्रतिशत पनि घट्दो क्रममा रहेको देखिएको छ। माइलस्टोन प्रगतिको तुलनात्मक स्थिति तालिका-९ र स्तम्भचित्र-५ मा प्रस्तुत गरिएको छः-

तालिका -९

माइलस्टोनको प्रगतिको तुलना

माइलस्टोनको अवस्था	आ.व. २०७८/७९		आ.व. २०७९/८०		आ.व. २०८०/८१	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
सम्पन्न भएका	१२०२	४५.६	११६८	४१.८	१६५९	४८.५
चालु	१०३८	३९.४	१३१४	४७.०	१३८५	४०.५
सुरु नभएका	३९६	१५.०	३१३	११.२	३७७	११.०
कूल माइलस्टोन	२६३६	१००	२७९५	१००	३४२१	१००

स्तम्भचित्र-५

माइलस्टोन प्रगतिको तुलनात्मक विवरण



(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५. क्षेत्रगत प्रगति स्थिति

५.१ आर्थिक क्षेत्र

आर्थिक क्षेत्र अन्तर्गत अर्थ, कृषि तथा पशुपन्छी विकास, उद्योग वाणिज्य तथा आपूर्ति, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, वन तथा वातावरण, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय गरी ६ वटा मन्त्रालयहरू र लगानी बोर्डको कार्यालयसमेत गरी ७ वटा मन्त्रालय/निकायलाई समावेश गरी विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालय तथा निकायहरूको क्रियाकलाप तथा माइलस्टोनको प्रगतिस्थिति देहाय बमोजिम प्रस्तुत गरिएको छ।

५.१.१ आर्थिक क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

आ.व.२०८०/८१ मा आर्थिक क्षेत्रसँग सम्वन्धित मन्त्रालय/निकायहरूका क्रियाकलापहरूमध्ये ४०.२ प्रतिशत सम्पन्न भएको, ५५.२ प्रतिशत चालु अवस्थामा रहेको र ४.६ प्रतिशत कार्य सुरु नै नभएको देखिएको छ। क्रियाकलापहरू सम्पादनको तुलनात्मक स्थिति हेर्दा लगानी बोर्डको कार्यालयको सवैभन्दा बढी ७०.६ प्रतिशत क्रियाकलापहरू सम्पन्न भएको देखिएको छ। आर्थिक क्षेत्र अन्तर्गतका ६ वटा मन्त्रालयहरूमध्ये कृषि तथा पशुपन्छी विकास, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन र वन तथा वातावरण मन्त्रालयले मात्र क्रियाकलापको औसत सम्पन्न प्रतिशत ४१.७ भन्दा बढी प्रगति हासिल गरेको छ। समग्र आर्थिक क्षेत्रको क्रियाकलापहरूको प्रगति सम्वन्धी विस्तृत विवरण तालिका-१० मा उल्लेख गरिएको छ।

तालिका-१०

आर्थिक क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

क्र.स.	मन्त्रालय/निकाय	कुल क्रियाकलाप	सम्पन्न		चालु		सुरु नभएका	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	अर्थ	११३	३१	२७.४	७३	६४.६	९	८.०
२	कृषि	४८	२४	५०.०	१९	३९.६	५	१०.४
३	उद्योग	८६	३५	४०.७	४६	५३.५	५	५.८
४	संस्कृति	५७	२४	४२.१	३३	५७.९	०	०.०
५	वन	५१	२७	५२.९	२४	४७.१	०	०.०
६	भूमि	४३	१४	३२.६	२९	६७.४	०	०.०
७	लगानी बोर्ड	१७	१२	७०.६	५	२९.४	०	०.०
कुल		४१५	१६७	४०.२	२२९	५५.२	१९	४.६

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.१.२ आर्थिक क्षेत्रका क्रियाकलाप प्रगतिको तुलना

आर्थिक क्षेत्रसँग सम्वन्धित मन्त्रालय/निकायहरूका क्रियाकलापको पछिल्लो तीन आर्थिक वर्षको प्रगति स्थितिलाई आ.व.२०७९/८० को तुलनामा आ.व.२०८०/८१ मा तुलना गर्दा सम्पन्न २.९ प्रतिशतले वढेको देखिन्छ। त्यस्तै, चालु अवस्थामा रहेका क्रियाकलापको अवस्था विगत आर्थिक वर्षवाट ४.९ प्रतिशतले घटेको भएतापनि कार्य सुरु नै नभएका क्रियाकलापहरू आ.व २०८०/८१ मा २ प्रतिशतले वढेको देखिएको छ। समग्र आर्थिक क्षेत्रको क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण स्तम्भचित्र-६ मा उल्लेख गरिएको छ।

स्तम्भचित्र -६

आर्थिक क्षेत्रका क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण



(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.१.३ आर्थिक क्षेत्रका माइलस्टोनको प्रगति स्थिति

आर्थिक क्षेत्रका ७ मन्त्रालय/निकायहरूको समग्र स्थिति हेर्दा आ.व. २०८०/८१ सम्म सम्पन्न हुनुपर्ने ७९७ माइलस्टोनहरूमध्ये ५०.७ प्रतिशत माइलस्टोन मात्र सम्पन्न भएका, ४१.२ प्रतिशत चालु अवस्थामा रहेका र ८.२ प्रतिशत माइलस्टोन सुरु हुन सकेका छैनन्। आ.व. २०८०/८१ मा सम्पन्न हुनुपर्ने माइलस्टोनहरूको सम्पन्न स्थितिलाई तुलनात्मक रूपमा हेर्दा लगानी वोर्डको कार्यालयको सवैभन्दा वढी ७७.३ प्रतिशत सम्पन्न भएको देखिएको छ भने अर्थ मन्त्रालयको सवैभन्दा कम २८.६ प्रतिशत माइलस्टोनहरू मात्रै सम्पन्न भएको देखिएको छ। साथै, सवैभन्दा वढी चालु अवस्थामा रहेका र कार्य सुरु नभएका क्रमशः ५४.९ प्रतिशत र १६.६ प्रतिशत माइलस्टोनहरू अर्थ मन्त्रालयको देखिएको छ। आर्थिक क्षेत्रका माइलस्टोनहरूको प्रगति स्थिति तालिका-११ मा प्रस्तुत गरिएको छः-

तालिका-११

आर्थिक क्षेत्रसँग सम्बन्धित निकायहरूको आ.व. २०८०/८१ को माइलस्टोनहरूको प्रगति स्थिति

क्र.सं.	मन्त्रालय/ निकाय	माइलस्टोन संख्या	सम्पन्न हुनुपर्नेमध्ये					
			सम्पन्न		चालु		सुरु नभएको	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	अर्थ	१७५	५०	२८.६	९६	५४.९	२९	१६.६
२	कृषि	११७	७६	६५.०	२६	२२.२	१५	१२.८
३	उद्योग	१३८	७५	५४.३	५७	४१.३	६	४.३
४	संस्कृति	१३६	७३	५३.७	६३	४६.३	०	०.०
५	वन	९९	५९	५९.६	३७	३७.४	३	३.०
६	भूमि व्यवस्था	११०	५४	४९.१	४४	४०.०	१२	१०.९
७	लगानी बोर्ड	२२	१७	७७.३	५	२२.७	०	०.०
कुल		७९७	४०४	५०.७	३२८	४१.२	६५	८.२

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

आर्थिक क्षेत्र अन्तर्गतका मन्त्रालय तथा निकायहरूको पूर्व निर्धारित कार्ययोजना अनुसारको कार्यसम्पादनको समय अनुसार विश्लेषण गर्दा आ.व. २०८०/८१ मा सम्पन्न हुनुपर्ने ७९७ माइलस्टोनहरूमध्ये ४०४ मात्र सम्पन्न भएका छन् भने सम्पन्न ४०४ माईलस्टोनहरूमध्ये भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले समयमै सम्पन्न गरेका ५४ माइलस्टोनहरूसहित आर्थिक क्षेत्र अन्तर्गतका मन्त्रालय/निकायले २५९ माइलस्टोनहरू समयमै सम्पन्न गरेका छन्। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ३६ सहित १३६ माइलस्टोनहरू निर्धारित समयभन्दा ढिलो सम्पन्न भएका छन्। वन तथा वातावरण मन्त्रालयको ४, लगानी बोर्डको कार्यालयको ३ र कृषि तथा पशुपन्छी विकास मन्त्रालयको २ गरी जम्मा ९ माइलस्टोनहरू निर्धारित समय भन्दा छिटो सम्पन्न भएका छन्। आर्थिक क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको सम्पन्न स्थिति तालिका-१२ मा प्रस्तुत गरिएको छ।

तालिका-१२

आर्थिक क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति

क्र.स.	मन्त्रालय/निकाय	माइलस्टोन संख्या	कुल सम्पन्न	छिटो सम्पन्न	समयमै सम्पन्न	ढिलो सम्पन्न
१	अर्थ	१७५	५०	०	४४	६
२	कृषि तथा पशुपन्छी विकास	११७	७६	२	४३	३१
३	उद्योग, वाणिज्य तथा आपूर्ति	१३८	७५	०	४२	३३
४	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन	१३६	७३	०	३७	३६

क्र.स.	मन्त्रालय/निकाय	माइलस्टोन संख्या	कुल सम्पन्न	छिटो सम्पन्न	समयमै सम्पन्न	ढिलो सम्पन्न
५	वन तथा वातावरण	९९	५९	४	२७	२८
६	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	११०	५४	०	५४	०
७	लगानी बोर्डको कार्यालय	२२	१७	३	१२	२
कुल		७९७	४०४	९	२५९	१३६

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.१.४ आर्थिक क्षेत्रसँग सम्बन्धित माइलस्टोन प्रगतिको तुलना

आर्थिक क्षेत्रसँग सम्वन्धित मन्त्रालय/निकायहरूका माइलस्टोनको पछिल्लो तीन आर्थिक वर्षको प्रगति स्थितिलाई तुलना गर्दा माइलस्टोनको सम्पन्न प्रतिशत आ.व.२०७८/७९ मा घटेको र २०८०/८१ मा ६.३ प्रतिशतले बढेर ५०.७ प्रतिशत पुगेको देखिएको छ। त्यस्तै, चालु अवस्थामा रहेका माइलस्टोनहरु गत आ.व. को तुलनामा ६.५ प्रतिशतले घटेको र कार्य सुरु नै नभएका माइलस्टोन ०.२ प्रतिशतले बढेको देखिएको छ। माइलस्टोनको प्रगतिको तुलनात्मक विवरण स्तम्भचित्र-७ मा प्रस्तुत गरिएको छः-

स्तम्भचित्र -७

आर्थिक क्षेत्रका माइलस्टोन प्रगतिको तुलनात्मक विवरण



(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.२ पूर्वाधार क्षेत्र

पूर्वाधार क्षेत्र अन्तर्गत भौतिक पूर्वाधार तथा यातायात, ऊर्जा जलस्रोत तथा सिँचाइ, शहरी विकास, खानेपानी र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय गरी ५ वटा मन्त्रालयहरूको विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालयहरूको क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

५.२.१ पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

पूर्वाधार क्षेत्र अन्तर्गतका समग्र क्रियाकलापको अवस्था हेर्दा कुल ५०० क्रियाकलापहरूमध्ये २१.८ प्रतिशत सम्पन्न, ७४.८ प्रतिशत चालु र ३.४ प्रतिशत कार्य सुरु नभएको अवस्था देखिन्छ। क्रियाकलापहरूको सम्पादनको तुलनात्मक स्थिति हेर्दा खानेपानी मन्त्रालयको सबैभन्दा बढी ४३.९ प्रतिशत क्रियाकलाप सम्पन्न भएको, सहरी विकास मन्त्रालयको सबैभन्दा बढी ८९.८ प्रतिशत क्रियाकलाप चालु अवस्थामा रहेको र ७.८ प्रतिशत क्रियाकलापहरू मात्रै सम्पन्न भएका छन्। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको १४.३ प्रतिशत क्रियाकलाप सुरु हुन नसकेको देखिएको छ। यस क्षेत्रका क्रियाकलापको प्रगति स्थिति तालिका-१३ मा प्रस्तुत गरिएको छ।

तालिका-१३

पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

क्र.स.	मन्त्रालय	कुल क्रियाकलाप	सम्पन्न		चालु		सुरु नभएका	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	भौतिक पूर्वाधार तथा यातायात	६०	१८	३०.०	४०	६६.७	२	३.३
२	ऊर्जा, जलस्रोत तथा सिंचाइ	११३	४०	३५.४	७३	६४.६	०	०.०
३	सहरी विकास	२४४	१९	७.८	२१९	८९.८	६	२.५
४	खानेपानी	४१	१८	४३.९	२०	४८.८	३	७.३
५	सञ्चार तथा सूचना प्रविधि	४२	१४	३३.३	२२	५२.४	६	१४.३
कुल		५००	१०९	२१.८	३७४	७४.८	१७	३.४

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.२.२ पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगतिको तुलना

पूर्वाधार क्षेत्रसँग सम्बन्धित मन्त्रालयहरूका क्रियाकलापहरूको पछिल्लो तीन आर्थिक वर्षको क्रियाकलापको प्रगति स्थितिलाई तुलना गर्दा सम्पन्न क्रियाकलापहरू १.६ प्रतिशतले बढेको भएतापनि चालु अवस्थामा रहेका क्रियाकलापहरूको अवस्था पनि १.५ प्रतिशतले बढेको र सुरु नभएका क्रियाकलापहरू ३.१ प्रतिशतले घटेको देखिन्छ। क्रियाकलापहरूको तुलनात्मक विवरण स्तम्भचित्र-८ मा उल्लेख गरिएको छ।

स्तम्भचित्र -८

पूर्वाधार क्षेत्रका क्रियाकलाप प्रगतिको तुलनात्मक विवरण



(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.२.३ पूर्वाधार क्षेत्रका माइलस्टोनको प्रगति स्थिति

पूर्वाधार क्षेत्रभित्र रहेका मन्त्रालयहरूको कुल १,३४८ माइलस्टोनहरूमध्ये २९.१ प्रतिशत सम्पन्न, ५५.० प्रतिशत चालु अवस्थामा र १५.९ प्रतिशत सुरु हुन नसकेको देखिएको छ। यस आर्थिक वर्षमा सम्पन्न हुनुपर्ने माइलस्टोनहरूमध्ये खानेपानी मन्त्रालयको सवैभन्दा वढी ६२.३ प्रतिशत र सहरी विकास मन्त्रालयको सवैभन्दा कम ९.३ प्रतिशत माइलस्टोन सम्पन्न भएका छन्। पूर्वाधार क्षेत्र अन्तर्गतका पाँच वटा मन्त्रालयहरूमध्ये खानेपानी र ऊर्जा मन्त्रालयले माइलस्टोनको औसत सम्पन्न प्रतिशत ४९ भन्दा वढी सम्पन्न गरेका छन्। त्यस्तै, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको २१.५ प्रतिशत माइलस्टोनहरू सुरु नै नभएको देखिन्छ। सहरी विकास मन्त्रालयले असार महिनामा प्रविष्टी गर्नुपर्ने प्रगतिमध्ये १०६ वटा प्रगति प्रविष्टी नगरेको पाइएको छ। पूर्वाधार क्षेत्रका माइलस्टोनहरूको समग्र प्रगति स्थिति तालिका-१४ मा प्रस्तुत गरिएको छ।

तालिका-१४

पूर्वाधार क्षेत्रका माइलस्टोनहरूको आ.व. २०८०/८१ को प्रगति स्थिति

क्र.सं.	मन्त्रालय/ निकाय	माइलस्टोन संख्या	सम्पन्न हुनुपर्नेमध्ये					
			सम्पन्न		चालु		सुरु नभएको	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	भौतिक पूर्वाधार	१०७	४६	४३.०	४९	४५.८	१२	११.२
२	ऊर्जा, जलस्रोत	२८६	१६७	५८.४	१०५	३६.७	१४	४.९
३	सहरी विकास	७५६	७०	९.३	५३१	७०.२	१५५	२०.५
४	खानेपानी	१०६	६६	६२.३	२७	२५.५	१३	१२.३
५	सञ्चार	९३	४३	४६.२	३०	३२.३	२०	२१.५
कुल		१३४८	३९२	२९.१	७४२	५५.०	२१४	१५.९

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

पूर्वाधार क्षेत्र अन्तर्गतका मन्त्रालयहरूको आर्थिक वर्ष २०८०/८१ को लागि वार्षिक कार्ययोजनामा निर्धारण गरिएका कुल १३४८ माइलस्टोनहरूमध्ये यस अवधिमा कुल ३९२ माइलस्टोन मात्र सम्पन्न भएका छन्। समयसीमाका आधारमा विश्लेषण गर्दा सम्पन्न माइलस्टोनहरूमध्ये २६६ माइलस्टोनहरू तोकिएकै समयमा सम्पन्न भएका छन् भने ४ वटा माइलस्टोनहरू छिटो र १२२ माइलस्टोनहरू ढिलो सम्पन्न भएका छन्। समय सारिणीअनुसार माइलस्टोनको प्रगति तालिका-१५ मा प्रस्तुत गरिएको छ।

तालिका-१५

पूर्वाधार क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति

क्र.स.	मन्त्रालय	माइलस्टोन संख्या	सम्पन्न	छिटो सम्पन्न	समयमै सम्पन्न	ढिलो सम्पन्न
१	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	१०७	४६	०	२५	२१
२	ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय	२८६	१६७	२	१२३	४२
३	सहरी विकास मन्त्रालय	७५६	७०	०	५९	११
४	खानेपानी मन्त्रालय	१०६	६६	१	३६	२९
५	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	९३	४३	१	२३	१९
कुल		१३४८	३९२	४	२६६	१२२

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.२.४ पूर्वाधार क्षेत्रका माइलस्टोन प्रगतिको तुलना

पूर्वाधार क्षेत्रका मन्त्रालयहरूको माइलस्टोनको पछिल्लो तीन आर्थिक वर्षको प्रगति स्थितिलाई तुलना गर्दा माइलस्टोनको सम्पन्न प्रतिशत विगत आ.व.को भन्दा चालु आर्थिक वर्षमा नगन्य रूपमा घटेको देखिन्छ। चालु अवस्थामा रहेका माइलस्टोन आ.व. २०७८/७९ को भन्दा आ.व. २०७९/८० मा १०.४ प्रतिशतले वढेको र चालु आर्थिक वर्षमा आ.व.२०७९/८० को भन्दा २.२ प्रतिशतले घटेको देखिएको छ। कार्य सुरु नभएका माइलस्टोनहरू २.९ प्रतिशतले वढेको देखिन्छ। माइलस्टोनको तुलनात्मक विवरण स्तम्भचित्र-९ मा प्रस्तुत गरिएको छः-

स्तम्भचित्र -९

पूर्वाधार क्षेत्रका माइलस्टोनको तुलनात्मक विवरण



(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.३ शासकीय सुधार क्षेत्र

शासकीय सुधार क्षेत्र अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; गृह मन्त्रालय; रक्षा मन्त्रालय; सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; परराष्ट्र मन्त्रालय; राष्ट्रिय योजना आयोग; सार्वजनिक खरिद अनुगमन कार्यालय; राष्ट्रिय सतर्कता केन्द्र र राष्ट्रिय तथ्याङ्क कार्यालयको विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालय तथा निकायहरूका क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहायवमोजिम प्रस्तुत गरिएको छः

५.३.१ शासकीय सुधार क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

यस क्षेत्र अन्तर्गत रहेका मन्त्रालय तथा निकायहरूका आर्थिक वर्ष २०८०/८१ मा कुल ३९२ क्रियाकलाप रहेकामा ५३.८ प्रतिशत क्रियाकलाप मात्र सम्पन्न भएका, ३९.३ प्रतिशत चालु अवस्थामा रहेका र ६.९ प्रतिशत सुरु नभएका छन्। तुलनात्मक रूपमा हेर्दा सबैभन्दा बढी परराष्ट्र मन्त्रालयको ७७.८ प्रतिशत क्रियाकलाप सम्पन्न भएको देखिएको छ भने सबैभन्दा कम सार्वजनिक खरिद अनुगमन कार्यालयको २५ प्रतिशत क्रियाकलाप मात्रै सम्पन्न भएको देखिन्छ। त्यस्तै, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको ४०.० प्रतिशत क्रियाकलाप सुरु हुन नसकेको देखिएको छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, परराष्ट्र मन्त्रालय, राष्ट्रिय योजना आयोग र राष्ट्रिय सतर्कता केन्द्रले सबै क्रियाकलापको कार्य प्रारम्भ भएको छ। शासकीय सुधार क्षेत्र अन्तर्गतका

समग्र कार्य सुरु नभएका क्रियाकलाप ६.९ प्रतिशतमा रहेको छ। शासकीय सुधार क्षेत्रका क्रियाकलापहरूको प्रगति स्थिति तालिका-१६ मा प्रस्तुत गरिएको छः

तालिका-१६

शासकीय सुधार क्षेत्रका क्रियाकलापहरूको प्रगति स्थिति

क्र.स.	मन्त्रालय/निकाय	कुल क्रियाकलाप	सम्पन्न		चालु		सुरु नभएका	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	५९	२९	४९.२	२८	४७.५	२	३.४
२	गृह मन्त्रालय	१५६	८०	५१.३	७३	४६.८	३	१.९
३	रक्षा मन्त्रालय	२८	११	३९.३	१५	५३.६	२	७.१
४	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	२८	२१	७५.०	७	२५.०	०	०.०
५	कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय	३५	१८	५१.४	३	८.६	१४	४०.०
६	परराष्ट्र मन्त्रालय	१८	१४	७७.८	४	२२.२	०	०.०
७	राष्ट्रिय योजना आयोग	१५	११	७३.३	४	२६.७	०	०.०
८	सार्वजनिक खरिद अनुगमन कार्यालय	१६	४	२५.०	१०	६२.५	२	१२.५
९	राष्ट्रिय सतर्कता केन्द्र	९	६	६६.७	३	३३.३	०	०.०
१०	राष्ट्रिय तथ्याङ्क कार्यालय	२८	१७	६०.७	७	२५.०	४	१४.३
कुल		३९२	२११	५३.८	१५४	३९.३	२७	६.९

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.३.२ शासकीय सुधार क्षेत्रका क्रियाकलापको प्रगतिको तुलना

यस क्षेत्रसँग सम्वन्धित मन्त्रालय/निकायहरूका क्रियाकलापहरूको पछिल्लो तीन आर्थिक वर्षको क्रियाकलापको सम्पन्न स्थितिलाई तुलना गर्दा सम्पन्न प्रतिशत आ.व.२०७८/७९ मा ४२.१ प्रतिशत, आ.व.२०७९/८० मा ३२.४ प्रतिशत र आ.व.२०८०/८१ मा २१.४ प्रतिशतले वृद्धि भई ५३.८ प्रतिशत पुगेको छ। चालु अवस्थामा रहेका क्रियाकलापमा २२.५ प्रतिशतले सुधार भई आ.व.२०८०/८१ मा ३९.३ प्रतिशत मात्रै

रहेको छ। त्यसैगरी, कार्य सुरु नभएका क्रियाकलापको प्रतिशत पछिल्लो तीन आर्थिक वर्षमा क्रमिक रूपमा वढेको देखिन्छ। यस क्षेत्रका क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण स्तम्भचित्र-१० मा उल्लेख गरिएको छ।

स्तम्भचित्र -१०

शासकीय सुधार क्षेत्रसँग सम्बन्धित क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण



(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.३.३ शासकीय सुधार क्षेत्रसँग सम्बन्धित माइलस्टोनको प्रगति स्थिति

यस समूहभित्र कुल ६५४ वटा माइलस्टोनहरू रहेकामा आ.व. २०८०/८१ मा ६६.१ प्रतिशत सम्पन्न भएका, २५.४ प्रतिशत चालु अवस्थामा रहेका र ८.६ प्रतिशत सुरु हुन नसकेका छन्। तुलनात्मक रूपमा हेर्दा सवैभन्दा वढी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ८६.९ प्रतिशत माइलस्टोन सम्पन्न भएका, सार्वजनिक खरिद अनुगमन कार्यालयको सवैभन्दा बढी ५१.५ प्रतिशत माइलस्टोन चालु अवस्थामा रहेका र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको २७.५ प्रतिशत माइलस्टोन सुरु हुन नसकेका छन्। शासकीय सुधार क्षेत्र अन्तर्गतका मन्त्रालयहरूमध्ये रक्षा मन्त्रालय र सार्वजनिक खरिद अनुगमन कार्यालयको माइलस्टोन राष्ट्रिय स्तरको औसत सम्पन्न प्रतिशत ४९ भन्दा

कम देखिएको छ। शासकीय सुधार क्षेत्रका माइलस्टोनहरूको प्रगति स्थिति तालिका-१७ मा प्रस्तुत गरिएको छः-

तालिका-१७

शासकीय सुधार क्षेत्रका माइलस्टोनहरूको आ.व. २०८०/८१ प्रगति स्थिति

क्र.सं.	मन्त्रालय/ निकाय	माइल स्टोन संख्या	सम्पन्न हुनुपर्नेमध्ये					
			सम्पन्न		चालु		सुरु नभएको	
			संख्या	प्रति शत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	प्र.म. तथा म.प.को कार्यालय	८८	५३	६०.२	३१	३५.२	४	४.५
२	गृह	१७४	११८	६७.८	४७	२७.०	९	५.२
३	रक्षा	८९	४१	४६.१	४३	४८.३	५	५.६
४	सङ्घीय मामिला तथा सामान्य प्रशासन	६१	५३	८६.९	८	१३.१	०	०.०
५	कानुन, न्याय तथा संसदीय मामिला	५१	३४	६६.७	३	५.९	१४	२७.५
६	परराष्ट्र	३२	२६	८१.३	६	१८.८	०	०.०
७	राष्ट्रिय योजना आयोग	३५	२९	८२.९	६	१७.१	०	०.०
८	सार्वजनिक खरिद अनुगमन कार्यालय	३३	७	२१.२	१७	५१.५	९	२७.३
९	राष्ट्रिय सतर्कता केन्द्र	२०	१७	८५.०	३	१५.०	०	०.०
१०	राष्ट्रिय तथ्याङ्क कार्यालय	७१	५४	७६.१	२	२.८	१५	२१.१
कुल		६५४	४३२	६६.१	१६६	२५.४	५६	८.६

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

शासकीय सुधार क्षेत्र अन्तर्गतका मन्त्रालय तथा निकायहरूको आर्थिक वर्ष २०८०/८१ को लागि निर्धारित ६५४ वटा माइलस्टोनहरूमध्ये ४३२ वटा माइलस्टोनहरू मात्र सम्पन्न भएकामा यी माइलस्टोनहरूको समयसीमाका आधारमा अध्ययन गर्दा २५६ वटा माइलस्टोनहरू निर्धारित समयमा र १८ वटा माइलस्टोनहरू छिटो सम्पन्न भएका छन। गृह मन्त्रालयको सबैभन्दा बढी ५८ वटा माइलस्टोनहरू सहित १५८ वटा माइलस्टोनहरू ढिलो सम्पन्न भएको देखिएको छ।

समयसारिणीका आधारमा शासकीय सुधार क्षेत्रका माइलस्टोनहरूको प्रगति स्थिति तालिका-१८ मा प्रस्तुत गरिएको छ।

तालिका-१८

शासकीय सुधार क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति

क्र.स.	मन्त्रालय/निकाय	माइलस्टोन संख्या	सम्पन्न	छिटो सम्पन्न	समयमै सम्पन्न	ढिलो सम्पन्न
१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	८८	५३	८	२७	१८
२	गृह	१७४	११८	६	६०	५२
३	रक्षा	८९	४१	०	३३	८
४	सङ्घीय मामिला तथा सामान्य प्रशासन	६१	५३	३	२९	२१
५	कानुन, न्याय तथा संसदीय मामिला	५१	३४	०	१९	१५
६	परराष्ट्र	३२	२६	१	१९	६
७	राष्ट्रिय योजना आयोग	३५	२९	०	१२	१७
८	सार्वजनिक खरिद अनुगमन कार्यालय	३३	७	०	७	०
९	राष्ट्रिय सतर्कता केन्द्र	२०	१७	०	१७	०
१०	राष्ट्रिय तथ्याङ्क कार्यालय	७१	५४	०	३३	२१
कुल		६५४	४३२	१८	२५६	१५८

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.३.४ शासकीय सुधार क्षेत्रका माइलस्टोन प्रगतिको तुलना

शासकीय सुधार क्षेत्रका १० निकायहरूको पछिल्लो तीन आर्थिक वर्षको माइलस्टोनको प्रगति स्थितिलाई तुलना गर्दा सम्पन्न, चालु अवस्था र कार्य सुरु नभएका माइलस्टोनहरूको प्रगति क्रमशः सुधार हुँदै आएको देखिएको छ। माइलस्टोनको प्रगतिको तुलनात्मक विवरण स्तम्भचित्र-११ मा प्रस्तुत गरिएको छः-

स्तम्भचित्र -११

शासकीय सुधार क्षेत्रसँग सम्बन्धित माइलस्टोन प्रगतिको तुलनात्मक विवरण



(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.४ सामाजिक क्षेत्र

सामाजिक क्षेत्र अन्तर्गत शिक्षा विज्ञान तथा प्रविधि, स्वास्थ्य तथा जनसंख्या, महिला बालबालिका तथा ज्येष्ठ नागरिक, युवा तथा खेलकुद र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रगति विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालयहरूको क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

५.४.१ सामाजिक क्षेत्रसँग सम्बन्धित क्रियाकलापको प्रगति स्थिति

सामाजिक क्षेत्रसँग सम्बन्धित मन्त्रालयहरूका कुल २९३ वटा क्रियाकलापहरू रहेकामा समग्र क्रियाकलापको प्रगति स्थिति हेर्दा ६१.८ प्रतिशत सम्पन्न भएका, ३५.८ प्रतिशत चालु अवस्थामा रहेका र २.४ प्रतिशत सुरु नभएका अवस्थामा रहेको देखिएको छ। सम्पन्न क्रियाकलापहरूको अवस्थालाई तुलनात्मक रूपमा हेर्दा सबैभन्दा बढी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ६९.४ प्रतिशत क्रियाकलापहरू सम्पन्न भएको तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ३८.५ प्रतिशत क्रियाकलापहरू चालु अवस्थामा र ३.८ प्रतिशत क्रियाकलापहरू सुरु नै हुन नसकेको अवस्थामा रहेको देखिएको छ। सामाजिक क्षेत्रका क्रियाकलापहरूको कार्यान्वयनसम्बन्धी प्रगति विवरण तालिका-१९ मा प्रस्तुत गरिएको छः-

तालिका-१९

सामाजिक क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

क.स.	मन्त्रालय	कुल क्रियाकलाप	सम्पन्न		चालु		सुरु नभएका	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	शिक्षा, विज्ञान तथा प्रविधि	११०	६८	६१.८	३९	३५.५	३	२.७
२	स्वास्थ्य तथा जनसंख्या	७८	४५	५७.७	३०	३८.५	३	३.८
३	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक	२७	१७	६३.०	१०	३७.०	०	०.०
४	युवा तथा खेलकुद	४२	२६	६१.९	१५	३५.७	१	२.४
५	श्रम, रोजगार तथा सामाजिक सुरक्षा	३६	२५	६९.४	११	३०.६	०	०.०
कुल		२९३	१८१	६१.८	१०५	३५.८	७	२.४

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.४.२ सामाजिक क्षेत्रका क्रियाकलापको प्रगतिको तुलना

सामाजिक क्षेत्रसँग सम्बन्धित मन्त्रालयहरूका क्रियाकलापको पछिल्लो तीन आर्थिक वर्षको क्रियाकलापको प्रगति स्थितिलाई तुलना गर्दा सम्पन्न प्रतिशत आ.व.२०७८/७९ मा ४८.१ प्रतिशत रहेकोमा आ.व.२०७९/८० मा ३८.५ प्रतिशत र आ.व. २०८०/८१ मा २३.३

प्रतिशतले सुधार भई ६१.८ प्रतिशत पुगेको छ। त्यसैगरी, कार्य सुरु नभएका क्रियाकलापको प्रतिशत आ.व.२०७८/७९ मा ३.३% रहेकोमा आ.व.२०७९/८० मा बढेर ८.७ प्रतिशत र २०८०/८१ मा ६.३ प्रतिशतले घटेर २.४ प्रतिशत मात्रै रहेको देखिन्छ। यस क्षेत्रको क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण स्तम्भचित्र-१२ मा उल्लेख गरिएको छ।

स्तम्भचित्र -१२

सामाजिक क्षेत्रका क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण



(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.४.३ सामाजिक क्षेत्रसँग सम्बन्धित माइलस्टोनको प्रगति स्थिति

सामाजिक क्षेत्रका कुल ६२२ माइलस्टोनहरूमध्ये ६९.३ प्रतिशत माइलस्टोन सम्पन्न भएका, २४.० प्रतिशत चालु अवस्थामा रहेका र ६.८ प्रतिशत सुरु हुन नसकेका छन्। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले सबैभन्दा धेरै ७५ प्रतिशत माइलस्टोनहरू सम्पन्न गरेको छ। चालु अवस्थाका सबैभन्दा धेरै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका २७.५ प्रतिशत माइलस्टोन देखिएका छन्। सामाजिक क्षेत्र अन्तर्गतका सबै मन्त्रालयहरूको माइलस्टोनको प्रगति राष्ट्रिय स्तरको औसत सम्पन्न प्रतिशत ४९ भन्दा बढी देखिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको १४ प्रतिशत माइलस्टोन सुरु नै हुन नसकेको देखिएको छ। सामाजिक क्षेत्रका माइलस्टोनहरूको प्रगति अवस्था सम्बन्धी विवरण तालिका-२० मा प्रस्तुत गरिएको छ।

तालिका-२०

सामाजिक क्षेत्रका माइलस्टोनहरूको आ.व.२०८०/८१ को प्रगति स्थिति

क्र.सं.	मन्त्रालय/ निकाय	माइलस्टोन संख्या	सम्पन्न हुनुपर्नेमध्ये					
			सम्पन्न		चालु		सुरु नभएको	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	शिक्षा, विज्ञान तथा प्रविधि	२४०	१६३	६७.९	६६	२७.५	११	४.६
२	स्वास्थ्य तथा जनसंख्या	१९३	१३१	६७.९	३५	१८.१	२७	१४.०
३	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक	५६	४२	७५.०	१२	२१.४	२	३.६
४	युवा तथा खेलकुद	६२	४३	६९.४	१७	२७.४	२	३.२
५	श्रम, रोजगार तथा सामाजिक सुरक्षा	७१	५२	७३.२	१९	२६.८	०	०.०
कुल		६२२	४३१	६९.३	१४९	२४.०	४२	६.८

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

सामाजिक क्षेत्र अन्तर्गतका मन्त्रालय तथा निकायहरूको आर्थिक वर्ष २०८०/८१ को लागि वार्षिक कार्ययोजनामा निर्धारण गरिएका कुल ६२२ वटा माइलस्टोनहरूमध्ये यस अवधिमा कुल ४३१ वटा माइलस्टोनहरू सम्पन्न भएका छन्। सम्पन्न माइलस्टोनको समयसीमाका आधारमा हेर्दा २५१ वटा माइलस्टोनहरू समयमै सम्पन्न भएको ५ वटा माइलस्टोनहरू छिटो सम्पन्न भएको र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको ढिलो सम्पन्न ५३ वटा माइलस्टोनहरू सहित १७५ वटा माइलस्टोनहरू ढिलो सम्पन्न भएको देखिन्छ। समयसारिणीका आधारमा सामाजिक क्षेत्रका माइलस्टोनहरूको प्रगति स्थिति तालिका-२१ मा प्रस्तुत गरिएको छ।

तालिका-२१

सामाजिक क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति

क्र.स.	मन्त्रालय	माइल्स्टोन संख्या	सम्पन्न	छिटो सम्पन्न	समयमै सम्पन्न	ढिलो सम्पन्न
१	शिक्षा, विज्ञान तथा प्रविधि	२४०	१६३	१	१०१	६१
२	स्वास्थ्य तथा जनसंख्या	१९३	१३१	३	७५	५३
३	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक	५६	४२	०	१७	२५
४	युवा तथा खेलकुद	६२	४३	०	२४	१९
५	श्रम, रोजगार तथा सामाजिक सुरक्षा	७१	५२	१	३४	१७
कुल		६२२	४३१	५	२५१	१७५

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

५.४.४ सामाजिक क्षेत्रका माइलस्टोन प्रगतिको तुलना

सामाजिक क्षेत्रका ५ निकायहरूको माइलस्टोनको पछिल्लो तीन आर्थिक वर्षको प्रगति स्थितिलाई तुलना गर्दा सम्पन्न, चालु अवस्था र कार्य सुरु नभएका माइलस्टोनहरूको प्रगति पछिल्लो तीन वर्षमा क्रमशः सुधार हुँदै आएको देखिएको छ। सामाजिक क्षेत्रका माइलस्टोनको प्रगतिको तुलनात्मक विवरण स्तम्भचित्र -१३ मा प्रस्तुत गरिएको छः-

स्तम्भचित्र -१३

सामाजिक क्षेत्रका माइलस्टोन प्रगतिको तुलनात्मक विवरण



स्रोतः एकीकृत अनुगमन प्रणाली)

६. सम्पन्न माइलस्टोनको मन्त्रालय/निकायगत प्रगति स्थिति

एकीकृत अनुगमन प्रणालीमार्फत मन्त्रालय/निकायहरूबाट प्रविष्ट क्रियाकलाप तथा माइलस्टोनको प्रगति विवरणका आधारमा विश्लेषण गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सबैभन्दा बढी ८७ प्रतिशत र सहरी विकास मन्त्रालयबाट सबैभन्दा कम ९ प्रतिशत माइलस्टोनहरू सम्पन्न भएका छन्। ६० प्रतिशत भन्दा बढी माइलस्टोन सम्पन्न गर्ने मन्त्रालय/निकायको संख्या १६ वटा, ४०-६० प्रतिशत माइलस्टोन सम्पन्न गर्ने मन्त्रालय/निकाय ८ वटा र ४० प्रतिशत भन्दा कम माइलस्टोन सम्पन्न गर्ने मन्त्रालय/निकाय ३ वटा रहेका छन्। सम्पन्न माइलइस्टोनको निकायगत प्रगति स्थिति स्तम्भचित्र-१४ मा प्रस्तुत गरिएको छ।

स्तम्भचित्र-१४

सम्पन्न माइलइस्टोनको निकायगत प्रगति स्थिति



७. समस्या र कारणहरूको विश्लेषण

७.१ सम्पन्न नभएका माइलस्टोनको मासिक स्थिति

मन्त्रालय तथा निकायहरूवाट वार्षिक कार्ययोजना अनुसार एकीकृत अनुगमन प्रणालीमा प्रविष्ट गरिएका आर्थिक वर्ष २०८०/८१ सम्म सम्पन्न हुनुपर्ने माइलस्टोनहरूमध्ये सम्पन्न नभएका १७६२ माइलस्टोनहरूको सम्पन्न हुनुपर्ने महिनाका आधारमा मन्त्रालय/निकायगत विस्तृत विवरण तालिका-२२ र स्तम्भचित्र-१५ मा उल्लेख गरिएको छ।

तालिका-२२

आ.व.२०८०/८१ मा सम्म सम्पन्न नभएका माइलस्टोनमध्ये सम्पन्न हुनुपर्ने महिना (मन्त्रालय/निकाय)

मन्त्रालय/निकायको नाम	साउन	भदौ	असोज	कात्तिक	मङ्सिर	पुस	माघ	फागुन	चैत	वैशाख	जेठ	असार	जम्मा
प्र.म. तथा म.प.	०	१	१	३	५	३	३	३	४	३	५	४	३५
अर्थ	६	५	१३	७	७	१६	१२	६	९	६	४	३४	१२५
उद्योग, वाणिज्य तथा आपूर्ति	२	६	६	७	६	६	४	२	२	४	९	९	६३
ऊर्जा, जलस्रोत तथा सिंचाई	३	०	५	३	२	८	४	४	८	३	९	७०	११९
कानुन,न्याय तथा संसदीय मामिला	०	०	१	०	२	४	०	१	१	३	३	२	१७
कृषि तथा पशुपन्छी विकास	४	०	५	२	७	३	२	२	३	०	२	११	४१
खानेपानी	०	०	०	२	३	२	१	२	४	३	८	१५	४०
गृह	०	४	८	७	४	२	३	३	७	३	६	९	५६
परराष्ट्र	०	०	१	१	१	०	१	०	१	०	१	०	६
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण	१	१	७	३	७	३	८	३	४	३	६	१०	५६
भौतिक पूर्वाधार तथा यातायात	०	०	०	४	२	५	२	२	५	१	२४	१६	६१
महिला, वालवालिका तथा ज्येष्ठ नागरिक	३	१	१	१	०	०	१	३	१	१	२	०	१४
युवा तथा खेलकुद	०	१	०	०	०	०	०	१	४	४	२	७	१९
रक्षा	३	०	३	१४	१	४	१	१	१	१	०	१९	४८
वन तथा वातावरण	०	०	२	२	५	३	३	१	३	४	१४	३	४०
शिक्षा, विज्ञान तथा प्रविधि	३	३	१६	६	८	११	५	०	६	४	८	७	७७
श्रम,रोजगार तथा सामाजिक सुरक्षा	०	०	४	१	१	४	१	०	३	१	१	३	१९
संस्कृति,पर्यटन तथा नागरिक उड्डयन	१	५	२	८	६	७	४	३	५	३	५	१४	६३
सङ्घीय मामिला तथा सामान्य प्रशासन	०	०	०	०	१	१	०	१	०	१	३	१	८
सञ्चार तथा सूचना प्रविधि	०	९	७	२	७	५	३	२	१	१	७	६	५०
सहरी विकास	७	५४	७७	७३	४७	५१	२८	२३	२७	१९	२९	२५१	६८६
स्वास्थ्य तथा जनसंख्या	१	१	९	३	१०	८	८	४	४	५	०	९	६२
राष्ट्रिय योजना आयोग	०	०	२	०	१	१	०	०	०	२	०	०	६
राष्ट्रिय तथ्याङ्क कार्यालय	०	१	२	०	३	१	१	३	२	१	१	२	१७
राष्ट्रिय सतर्कता केन्द्र	०	०	०	०	०	१	०	०	२	०	०	०	३
सार्वजनिक खरिद अनुगमन कार्यालय	०	४	३	४	१	५	०	१	२	२	२	२	२६
लगानी बोर्डको कार्यालय	०	०	१	०	०	०	०	०	०	०	३	१	५
कुल	३४	९६	१७६	१५३	१३७	१५४	९५	७१	१०९	७८	१५४	५०५	१७६२

स्तम्भचित्र -१५

आ.व. २०८०/८१ मा सम्पन्न नभएका माइलस्टोनमध्ये सम्पन्न हुनुपर्ने महिना र संख्या



आर्थिक वर्ष २०८०/८१ को साउन देखि असारसम्म प्रत्येक लक्षित महिनामा सम्पन्न हुनुपर्ने कुल माइलस्टोनहरूमध्ये साउनमा ३४ वटा, भदौमा ९६ वटा, असोजमा १७६ वटा, कात्तिकमा १५३ वटा, मङ्सिरमा १३७ वटा, पुसमा १५४ वटा, माघमा ९५ वटा, फागुनमा ७१ वटा, चैतमा १०९ वटा, वैशाखमा ७८ वटा, जेठमा १५४ वटा र असारमा ५०५ वटा गरी जम्मा १७६२ वटा माइलस्टोनहरू आर्थिक वर्षको अन्तिम सम्ममा पनि सम्पन्न हुन सकेका छैनन्।

७.२ माइलस्टोनको प्रकारका आधारमा प्रगति अवस्था

आर्थिक वर्ष २०८०/८१ मा निर्धारित कुल ३४२१ वटा माइलस्टोनहरूको १० वटा विषय क्षेत्रगत आधारमा वर्गीकरण गर्दा सवैभन्दा वढी कार्यक्रम सञ्चालनसँग सम्वन्धित ११३१ वटा र सवैभन्दा कम कृषि अनुसन्धानसँग सम्वन्धित ७ वटा माइलस्टोनहरू रहेको देखियो। कृषि अनुसन्धान र कार्यक्रम सञ्चालनसँग सम्वन्धित माइलस्टोन ६० प्रतिशत भन्दा वढी सम्पन्न भएको देखियो। IT, वन र वनस्पति, कानूनी तयारी र खरिद प्रक्रियासँग सम्वन्धित माइलस्टोन ४० देखि ६० प्रतिशत सम्पन्न भएको र सम्भाव्यता अध्ययन, भौतिक निर्माण वा कार्यक्रम सञ्चालन, जग्गा प्राप्ति तथा साइट क्लियरेन्स र IEE/EIA सँग सम्वन्धित माइलस्टोन ४० प्रतिशत भन्दा कम सम्पन्न भएको देखियो। यसको विस्तृत विवरण तालिका-२३ र स्तम्भ चित्र-१६ मा उल्लेख गरिएको छ।

तालिका-२३

माइलस्टोनको प्रकारका आधारमा प्रगति अवस्था

माइलस्टोनका प्रकार	कुल जम्मा	सम्पन्न		चालु		सुरु नभएका	
		संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
कृषि अनुसन्धानसँग सम्वन्धित	७	६	८६	१	१४	०	०
कार्यक्रम सञ्चालनसँग सम्वन्धित	११३१	७६९	६८	२८७	२५	७५	७
IT सँग सम्वन्धित	८९	५०	५६	२६	२९	१३	१५
वन र वनस्पतिसँग सम्वन्धित	१३	७	५४	५	३८	१	८
कानूनी तयारी	३३९	१५८	४७	१५६	४६	२५	७
खरिद प्रक्रियासँग सम्वन्धित	६७८	२९०	४३	२६१	३८	१२७	१९
सम्भाव्यता अध्ययनसँग सम्वन्धित	११७	४६	३९	५६	४८	१५	१३
भौतिक निर्माण वा कार्यक्रम सञ्चालन	९४१	३०६	३२	५३४	५७	१०१	११
जग्गा प्राप्ति तथा साइट क्लियरेन्स	६४	१८	२८	३४	५३	१२	१९
IEE/EIA सँग सम्वन्धित	४२	९	२१	२५	६०	८	१९
कुल जम्मा	३४२१	१६५९	४९%	१३८५	४०	३७७	११

स्तम्भचित्र-१६

माइलस्टोनको प्रकारका आधारमा प्रगति अवस्था (प्रतिशतमा)



- IEE/EIA सँग सम्वन्धित र भौतिक निर्माण वा कार्यक्रम सञ्चालनसँग सम्वन्धित माइलस्टोन क्रमशः ६० प्रतिशत र ५७ प्रतिशत चालु अवस्थामा रहेको; खरिद प्रक्रिया, जग्गा प्राप्ति तथा साइट क्लियरेन्स र IEE/EIA सँग सम्वन्धित माइलस्टोन समान १९ प्रतिशत सुरु नै हुन नसकेको देखियो।

७.३ माइलस्टोन सम्पन्न हुन नसक्नुका कारणहरु

मन्त्रालय तथा निकायहरूवाट एकीकृत अनुगमन प्रणालीमा प्रविष्ट वार्षिक कार्ययोजना अनुसार आ.व.२०८०/८१ मा माइलस्टोन सम्पन्न हुन नसक्नुका कारणहरू स्तम्भचित्र-१७ मा प्रस्तुत गरिएको छ।

स्तम्भचित्र-१७

आ.व.२०८०/८१ मा माइलस्टोन सम्पन्न हुन नसक्नुका कारणहरू



(स्रोतः एकीकृत अनुगमन प्रणाली)

माथिको स्तम्भचित्रलाई विश्लेषण गर्दा हालसम्म सम्पन्न हुनुपर्नेमध्ये कार्य सुरु हुन नसक्नुका कारणहरूमा कार्यान्वयनका लागि आवश्यक पूर्वतयारीका कार्यहरू पूरा हुन नसक्नु प्रमुख कारणको रूपमा रहेको छ। आर्थिक वर्षको प्रारम्भमै गर्नुपर्ने कार्यहरू जस्तै वार्षिक खरिद योजना बनाई लागु गर्ने, लागत अनुमान तयार गर्ने, बोलपत्रसम्वन्धी कागजात

तयार गरी बोलपत्र आह्वान गर्ने, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने, कार्यक्रम सञ्चालन कार्यविधि वा सञ्चालन ढाँचा तयार गर्नेजस्ता पूर्वतयारीका कार्यहरू हुन नसकेको कारणवाट कार्यक्रमहरू अगाडि बढ्न नसकेको देखिन्छ। तोकिएका उक्त कार्यहरू सम्पन्न गर्न आवश्यक पर्ने अघिल्लो कार्य सम्पन्न नभएका कारणसमेतले यस्तो अवस्था सिर्जना भएको देखिन्छ। उदाहरणका लागि कुनै भौतिक संरचना निर्माणका लागि "लागत अनुमान तयारी" माइलस्टोन सम्पन्न नभएका कारणवाट त्यसपछिका "बोलपत्रको सूचना प्रकाशन", "निर्माण सम्झौता" जस्ता माइलस्टोन स्वतः प्रभावित हुने देखिन्छ। समीक्षा अवधि असार मसान्तसम्म सम्पन्न वा सुरु हुनुपर्नेमध्ये ७४७ माइलस्टोन पूर्वतयारी पूरा हुन नसकेका कारण लक्ष्य प्राप्त नभएको देखिएको छ।

- चालु आर्थिक वर्षको बजेट कार्यान्वयन कार्ययोजना तर्जुमा गर्दा स्रोत सुनिश्चितता नभएका कार्यहरू कार्ययोजनामा समावेश नगर्न सुझाव दिइएको थियो। सम्पन्न हुनुपर्ने माइलस्टोनहरूमध्ये ३०७ वटा माइलस्टोनहरू बजेट व्यवस्थापन हुन नसकेको वा स्रोत सुनिश्चितता नभएको कारणवाट प्रभावित देखिएको छ भने जनशक्ति अभाव तथा नेतृत्व परिवर्तनका कारण १०३ वटा माइलस्टोनहरू प्रभावित भएका छन्।

- कार्यान्वयन गर्ने निकायको प्रयासले मात्र सम्पादन हुन नसक्ने कार्यहरूमा अन्तरसम्बन्धित निकायहरूको सहयोग आवश्यक पर्दछ। दातृ निकायवाट राय/सहमति प्राप्त गर्ने, बहुवर्षीय आयोजना स्वीकृति, जग्गा प्राप्ति, जनशक्ति आपूर्ति जस्ता विषयमा अन्तरसम्बन्धित निकायवाट समन्वय हुनुपर्छ। त्यस्तै, रूख कटान, सार्वजनिक, निजी एवं वनक्षेत्रको जग्गा उपयोगको विषय, नदी एवं खानीजन्य निर्माण सामग्री प्राप्तिको विषय, स्रोत सुनिश्चितता एवं बजेटको पर्याप्तताको विषय, आयोजनाको रिडिजाइन गर्नुपर्ने, खरिद प्रक्रिया दोहोऱ्याउनु पर्ने, वातावरणीय परीक्षण/वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने विषयहरूमा सम्बन्धित निकायहरूबीच समन्वय गर्नुपर्ने देखिन्छ। यसरी माइलस्टोनको समग्र प्रगतिको विश्लेषण गर्दा समन्वय गर्नुपर्ने विषयहरूमा अन्तरसम्बन्धित निकायहरूबाट अपेक्षित सहयोग प्राप्त हुन नसकेको कारण चालु आर्थिक वर्षमा १३६ वटा माइलस्टोनहरू सम्पन्न हुन नसकेको देखिएको छ।

- त्यस्तै, चालु आर्थिक वर्षमा स्थान छनौट/जग्गा प्राप्ति नभएको कारणले सम्पन्न हुन नसकेको माइलस्टोनहरू ६५ वटा, कानून, कार्यविधि तथा प्रक्रियागत आधार तयार नभएको कारण ८२ वटा, निर्माण व्यवसायी/परामर्शदातावाट ढिलाइ भएका कारण ४४ वटा र अन्य निकायको सहमति प्राप्त नभएका कारण १३० वटा माइलस्टोनहरू सम्पन्न हुन सकेका छैनन्।

- त्यसैगरी विवाद तथा कानूनी जटिलताका कारण ४८ वटा र कार्यक्रमको पुनःसंरचना गर्नु परेको कारण २६ वटा, विपद् तथा प्रतिकूल मौसमका कारण १४ वटा, निर्माण सामग्रीको आपूर्ति समस्याका कारण ५ वटा र अन्य कारणले गर्दा २० वटा माइलस्टोनहरू सम्पन्न हुन नसकेको देखिएको छ।

- प्रष्ट कारण उल्लेख नगरिएका वा सम्वन्धित विषयमा प्रतिवेदन नै नगरिएकाले लक्ष्य प्राप्त हुन नसकेका भनी उल्लेख भएका माइलस्टोनहरूको संख्या ३५ रहेकोले मन्त्रालय/निकायहरूले समयमा प्रतिवेदन गर्ने र सम्वन्धित समस्याको जानकारी गराई समाधान गर्न लाग्नुपर्ने देखिएको छ। यसरी समयमै प्रतिवेदन नगर्नुले मन्त्रालयले प्रतिवेदनमा ध्यान नदिएको वा उक्त विषय मन्त्रालयको प्राथमिकतामा नपरेको हुनसक्ने देखिन्छ।

८. कार्ययोजना कार्यान्वयनमा देखिएका समस्याहरू

नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम एवम् वार्षिक वजेटद्वारा निर्धारित कार्यक्रम तथा आयोजनाहरूलाई सम्वन्धित मन्त्रालय तथा निकायहरूवाट वार्षिक कार्ययोजना वनाई कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ। मन्त्रालय/निकायहरूवाट तर्जुमा गरिएको कार्ययोजना कार्यान्वयनको प्रगति अवस्था विश्लेषण गर्दा वजेट तथा कार्यक्रम तर्जुमा र वजेट कार्यान्वयन दुवै चरणमा समस्या देखिएका कारण वाञ्छित उपलब्धि हासिल हुन नसकेको देखिन्छ।

८.१ बजेट तर्जुमा चरणमा देखिएका समस्याहरु

- आगामी वर्षको वजेट तथा कार्यक्रममाथि राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा छलफल भइसकेपछि मात्र नेपाल सरकारको नीति तथा कार्यक्रम सङ्घीय संसदमा पेश गरिंदा उक्त नीति तथा कार्यक्रम र वजेटबीच तालमेल देखिएन।
- स्थान छनौट, जग्गा प्राप्ति, डिपिआर तयारी र वातावरणीय प्रभाव मूल्याङ्कन जस्ता पूर्व तयारीका कार्य सम्पन्न नभएका र आयोजना वैंकमा समावेस नभएका आयोजनामा वजेट विनियोजन हुँदा त्यस्ता आयोजना तत्काल कार्यान्वयनमा लैजान सकिएको पाइएन।
- नीति तथा कार्यकम र वजेट वक्तव्यमा घोषित कार्यक्रममा वजेट विनियोजन नै नहुने अथवा अपर्याप्त वजेट विनियोजन हुनाले कार्ययोजना कार्यान्वयनमा समस्या देखा परेको छ।
- स्रोत सुनिश्चितता नै नभएका कार्यक्रमहरू घोषणा हुनुले वार्षिक कार्यान्वयन कार्ययोजना प्रभावित भएको देखिन्छ। त्यस्तै, स्रोत सुनिश्चितता दिएर कार्यान्वयनमा गएका आयोजनाका लागि वजेट व्यवस्थापन नहुँदा काम सम्पन्न भइसकेको कार्यको भुक्तानी गर्न समस्या रहेको देखिन्छ।
- साना आयोजना तथा कार्यक्रमहरूसमेत सङ्घीय सरकारवाट प्रदेश सरकार र स्थानीय तहमा हस्तान्तरण नहुनुले कार्ययोजना कार्यान्वयनमा जटिलता थपिएको छ।
- विनियोजन कुशलता नहुँदा आर्थिक वर्षको प्रारम्भदेखि नै रकमान्तर र थप वजेट माग गर्ने प्रवृत्ति देखिएको छ।

८.२ बजेट कार्यान्वयन चरणका समस्याहरु

- विगतमा कार्य सम्पन्न भइसकेको कामको भुक्तानीका लागि एक आयोजनामा विनियोजित रकम अन्यत्र रकमान्तर गर्दा तोकिएको लक्ष्य हासिल हुन नसकेर कार्ययोजना कार्यान्वयनमा समस्या देखिएको छ।

- आर्थिक वर्षको प्रारम्भमै गर्नुपर्ने कार्यहरू जस्तै वार्षिक खरिद योजना वनाई लागु गर्ने, लागत अनुमान तयार गर्ने, वोलपत्रसम्वन्धी कागजात तयार गरी वोलपत्र आह्वान गर्ने, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने, कार्यक्रम सञ्चालन कार्यविधि वा सञ्चालन ढाँचा तयार गर्नेजस्ता पूर्वतयारीका कार्यहरू समयमा सम्पन्न नहुँदा त्यसपछि गरिने कार्यक्रमहरू प्रभावित भएका छन्।

- कार्यक्रम कार्यान्वयन गर्ने निकायको एक्लो प्रयासले मात्र सम्पादन हुन नसक्ने विषयहरू जस्तै दातृ निकायवाट राय/सहमति प्राप्त गर्ने विषय, वहुवर्षीय आयोजनाको स्वीकृति, जग्गा प्राप्ति, जनशक्ति आपूर्ति, रूख कटान, सार्वजनिक, निजी एवं वनक्षेत्रको जग्गा उपयोग, नदी एवं खानीजन्य निर्माण सामग्री प्राप्ति, स्रोत सुनिश्चितता तथा रकमान्तर र स्रोतान्तर गर्ने विषय, वातावरणीय परीक्षण/वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने विषयहरूमा सम्वन्धित निकायहरूवीचको समन्वय प्रभावकारी नहुँदा समेत वजेट तथा कार्यक्रम कार्यान्वयनमा जटिलता थपिएको देखिन्छ।

- प्रभावकारी अनुगमन तथा मुल्याङ्कन गरी आयोजनामा देखिएका समस्या समयमै समाधान नहुनु र केही आयोजनामा समानान्तर रुपमा गर्न सकिने कामहरू समानान्तर रूपमा नगरी एउटा सम्पन्न भएपछिमात्र अर्को काम गर्दा समय र लागत दुवै वढ्न गएको र जाने देखिन्छ।

- पुरक EIA गर्नुपर्ने अवस्था सिर्जना हुनु, स्थानीयहरूको अवरोध, न्यायालयमा विचाराधीन मुद्दा र निर्माण सामग्रीको अभावले कार्यमा सुस्तता भएकोले समेत कार्ययोजना कार्यान्वयनमा समस्या देखिएको छ।

- जनशक्ति व्यवस्थापन, वजेट कार्यान्वयनको चरणमा देखिने अर्को महत्त्वपूर्ण समस्या हो। आयोजना प्रमुखको अवधि नपुग्दै सरुवा र प्राविधिक जनशक्तिको कमी हुनाले निर्धारित लक्ष्य हासिलमा चुनौति थपिएको देखिन्छ।

- सेवा प्रवाहको गुणस्तर सुधार गर्न समग्रतामा सुधार नगरी खण्ड खण्ड सुधार गर्दा सेवा प्रवाहको सुधार प्रभावकारी हुन सकेको छैन।

- स्थानीय तह र प्रदेशवाट भौतिक प्रगति प्रतिवेदन गर्ने अभ्यास र संयन्त्र नहुँदा निर्णयका लागि भरपर्दो सूचना प्राप्त हुन नसक्ने देखिएको छ।

९. सुझावहरू

माथि उल्लिखित तथ्याङ्क एवम् विश्लेषण समेतवाट मन्त्रालय/निकायहरूले मुख्यतः निम्न विषयहरूमा ध्यान दिएमा कार्यसम्पादनलाई थप नतिजामुखी र परिणाममुखी वनाउन सक्ने देखिन्छः

(क) आगामी वर्षको वजेट तथा कार्यक्रममाथि राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा छलफल हुनु अघि नै नेपाल सरकारको नीति तथा कार्यक्रम संघीय संसदमा पेश गर्ने व्यवस्था गर्न कानुनमा सुधार गर्नुपर्दछ।

(ख) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले व्यवस्था गरेको राष्ट्रिय आयोजना वैंकको कार्यान्वयनलाई सुदृढ गर्नुपर्ने देखिएको छ। मन्त्रालय तथा निकायहरूले वार्षिक कार्यक्रमका रूपमा प्रस्ताव गर्ने कार्यक्रमहरूको स्वीकृतिको चरणमै स्रोत सुनिश्चितता गर्ने तथा स्रोत सुनिश्चितता/व्यवस्था नभएका तथा सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन प्रतिवेदन तयार, स्थान छनौट र जग्गा प्राप्ति जस्ता पूर्वतयारी सम्पन्न नभएका आयोजना तथा कार्यक्रमहरूमा वजेट विनियोजन गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ।

(ग) आर्थिक वर्षको प्रारम्भमा नै गर्नुपर्ने कार्यहरू जस्तै वार्षिक खरिद योजना वनाई लागु गर्ने, लागत अनुमान तयार गर्ने, वोलपत्रसम्वन्धी कागजात तयार गरी वोलपत्र आह्वान गर्ने, कार्यक्रम सञ्चालन कार्यविधि वा सञ्चालन ढाँचा तयार गर्नेजस्ता पूर्वतयारीका कार्यहरू समयमा नै सम्पन्न गर्नुपर्दछ।

(घ) आयोजना/कार्यक्रम स्थलमा नगई वर्षात् या महामारीको समयमासमेत कार्यालयवाट सञ्चालन गर्न सकिने क्रियाकलापहरूको आधारभूत विषयहरू आर्थिक वर्षको सुरुका महिनामै सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने समयमा कार्यचाप कम गर्दै कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गर्नुपर्छ।

(ङ) वजेटमा घोषणा भएको विषयमा सम्वन्धित निकायले आवश्यक स्रोतको व्यवस्था तुरुन्त गर्नु पर्दछ वा स्रोत सुनिश्चितता हुने गरी कार्य अगाडि वढाउने सहमति प्रदान गर्नुपर्दछ। कार्यान्वयनका लागि स्रोत उपलब्ध नहुने अवस्थाको अन्त्य गर्न स्रोतको पूर्व मूल्याङ्कन गरेर मात्र कार्यक्रम कार्यान्वयनमा लैजान उपयुक्त हुन्छ।

(च) स्रोत सुनिश्चितता र कम वजेटको समस्यालाई न्यून गर्न वजेट निर्माण गर्दा सर्वप्रथम अनिवार्य दायित्वको रकम भुक्तानी गर्न र विकास सहायताका कार्यक्रम तथा मुख्य

प्रभाव पार्ने क्रमागत कार्यक्रमका लागि आवश्यक रकम छुट्याउनुपर्दछ। त्यसपछि मात्र नयाँ प्रस्ताव गरिएको प्राथमिकता प्राप्त आयोजना कार्यक्रममा रकम विनियोजन गर्नुपर्दछ। मध्यमकालीन खर्च संरचनाको प्रभावकारी कार्यान्वयन, वजेट अवण्डा राख्ने प्रवृत्तिमा नियमन, रकमान्तर, वजेट रोक्का तथा समर्पणजस्ता विषयहरूमा वित्तीय अनुशासन प्रवर्द्धन गर्दै निरन्तर सुधार गर्नुपर्दछ।

(छ) राय तथा सहमति प्रदान गर्नुपर्ने विषय यथाशीघ्र सम्पन्न गर्ने तथा सहमति प्रदान गर्न नसकिने भएमा समेत आफ्नो निकायको राय छिटो उपलब्ध गराउने र यस्तो विषयको Track Record राखी नियमन तथा सहजीकरण गर्ने निकायमा पठाउनु उपयुक्त हुन्छ। साथै सहमति प्रदान गर्ने निकायले समेत यस्ता विषयहरूको Track Record राख्नु पर्दछ।

(ज) मन्त्रालयले समस्या समाधानका लागि गरेका प्रयासहरू एवम् मातहतका निकायहरूलाई दिएका निर्देशनहरूको जानकारी माथिल्लो तहवाट अनुगमन गर्ने निकायहरू (जस्तैः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग आदि) लाई जानकारी दिनु उपयुक्त हुन्छ। यसवाट विषयवस्तुका सन्दर्भमा माथिल्लो निकायमा समेत जानकारी हुने तथा सो सम्बन्धमा एउटै बुझाइ रहने र संस्थागत अभिलेखसमेत रहन्छ।

(झ) आयोजना/कार्यक्रम कार्यान्वयनमा देखिएका सम्वन्धित निकायवाट समाधान हुन नसक्ने समस्याहरूलाई यस कार्यालयको तत्काल समस्या समाधान तथा विपद् समन्वय शाखा एवम् सम्वन्धित विषयक्षेत्र हेर्ने महाशाखा/शाखामा जानकारी गराई समस्याको समाधानको पहल गर्नुपर्दछ।

(ञ) सार्वजनिक व्यवस्थापन र सुशासनको क्षेत्रमा तत्काल सुधारको कार्ययोजना वनाई कार्यान्वयनमा लैजाने र वित्तीय व्यवस्थापनमा मौजुदा कानूनी व्यवस्थाको कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ।

(ट) कार्यजिम्मेवारी निर्धारण गर्दा कार्यसम्पादन एवम् नेतृत्व मूल्याङ्कन गरी नतिजामा आधारित कार्यसम्पादन प्रणालीलाई संस्थागत गर्नुपर्दछ।

(ठ) आयोजनाको निश्चित लक्ष्य हासिल नहुँदासम्म आयोजना प्रमुखको सरुवा नगर्ने, खरिद/निर्माण सम्बन्धी कानूनी व्यवस्थालाई व्यवहारिक वनाउने, छनौट भएका सवै आयोजनाको प्रभावकारी अनुगमन गर्ने र आयोजनाको कार्यान्वयनमा बाधा पुगेको देखिए

तत्काल त्यसको सम्बोधन गर्ने गरिएमा आयोजना समयमै सम्पन्न गर्न सहयोग पुग्ने देखिन्छ।

(ङ) अन्तर निकाय समन्वयको कमीले लक्ष्य हासिल हुन नसकेका क्रियाकलापहरूका लागि समन्वयको कार्य प्रभावकारी बनाउनु आवश्यक छ। अन्तर सम्बन्धित विषयहरूमा सम्बन्धित मन्त्रालय/निकायले आवश्यक पहल गर्ने र सहयोग गर्नुपर्ने निकायहरूले समेत प्राथमिकताका साथ सहयोग उपलब्ध गराउनु पर्दछ। यसका लागि आवश्यकताअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवं सम्बन्धित नियमनकारी निकायहरूको समेत सहयोग लिनु उपयुक्त हुन्छ।